नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Kuala Lumpur, Malaysia

# प्रेस विज्ञप्ती

नेपाली राजदूतावास, क्वालालम्पुरबाट मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ एवं अन्य कानुनबाट व्यवस्थित बिधि बमोजिम मागपत्र प्रमाणीकरण भइरहेको सबैलाई विदितै छ ।

यस कार्यलाई सहज, सरल एवं प्रविधिमैत्री बनाई राजदुतावासबाट प्रदान गर्ने सेवामा प्रभावकारिता बढाउन नेपाल सरकार, परराष्ट्र मन्त्रालयले प्रयोगमा ल्याएको अनलाइन पोर्टल मार्फत सेवा प्रदान गरिंदै आएको छ। मलेसियन रोजगारदाता कंम्पनीहरु अनलाइन पोर्टलमा अनिवार्य दर्ता भएपछि मात्र मागपत्र प्रमाणिकरणको प्रक्रिया अगाडि बढ्ने व्यवस्था छ।

राजदुतावासबाट देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिंदै आएको व्यहोरा अनुरोध गरिन्छ।

- नेपाली राजदूतावासले नेपाली कामदारहरुको हकहितलाई मध्यनजर गरी कम्पनीहरुको अनलाईन दर्ता गर्नु पूर्व कम्पनीको (SSM) एस एस एम नम्बर, कामदारहरुको तीन महिनाको मासिक तलबी बैंक भर्पाई तथा उक्त कम्पनीमा कार्यरत नेपाली कामदारहरुको विवरण माग गर्ने अभ्यास गरिआएको छ। माथि उल्लेखित माग भएका विवरणहरु राजदूतावासले प्राप्त गरी नेपाली कामदारहरुको हकहित सुनिश्चिता भएपछि कम्पनीको रजिस्ट्रेसन प्रक्रियालाई अगाडि बढाइने व्यवस्था छ।
- (User ID) युजर आई.डी. तथा (Password) पासवर्ड वितरण गर्ने कार्य सम्पूर्ण कागजात मिलेको खण्डमा कागजात पेश गरेकै दिन गर्ने गरिएको र यस कार्यलाई निरन्तरता दिईने।
- कम्पनी दर्ता भएपछि सोहि दिन KDN अपलोड गर्न सकिने। KDN अंग्रेजी र मलेसियन दुवै भाषामा पेश गर्नुपर्ने व्यवस्था रहेको। यसरी पेश भएको KDN तीन कार्य दिन भित्र Approve गरिने।
- KDN Approve भइसकेपछि मात्र मागपत्र अपलोड गर्न सकिने।
- मागपत्र अपलोड भएपछि सबै कागजात मिलेको खण्डमा बढीमा १४ कार्य दिन भित्र प्रमाणित गरिने।
- मागपत्र प्रमाणीकरण सम्बन्धी प्रक्रियाका सम्बन्धमा राजदूतावासको वेबसाइटबाट समेत जानकारी लिन सकिने।
- सुशासन ऐनको मर्म बमोजिम तोकिएको समयमै कार्य सम्पन्न गर्न राजदूतावास सदा तत्पर रहेको।

- आवश्यक परेको खण्डमा राजदूतावासबाट प्रदान गरिने सेवा प्रवाह थप प्रभावकारी बनाउन सरोकारवालासँग औपचारिक तथा अनौपचारिक छलफल तथा समन्वय गर्ने गरिएको ।
- नेपाली श्रमिकको हकहितका लागि सम्झौतामा लागु भएका शर्तहरु पालना गराउन श्रमिक र रोजगारदातासँग निरन्तर सम्पर्कमा रहने गरेको ।
- राजदूतावासले जनसम्पर्कका लागि हटलाइन नम्बर उपलब्ध गराएको, हरेक हप्ता फेसबुक लाईभ कार्यक्रम संचालन गरेको तथा इमेलबाट प्राप्त सुझाव सल्लाह तथा गुनासोलाई तत्काल सम्बोधन गर्ने गरिएको ।

नेपाल सरकार, परराष्ट्र मन्त्रालयले प्रयोगमा ल्याएको अनलाइन पोर्टल रोजगारदाता तथा व्यवसायीहरुको लागि समेत नयाँ भएकोले कम्पनि दर्ता गरी युजर आई.डी लिन तथा मागपत्र अपलोड गर्न केही कम्पनीहरुलाई असहज भइरहेको विषय राजदूतावासको जानकारीमा आएको छ । कतिपय कम्पनीहरु राजदूतावासमानै आएर यस सम्बन्धि जानकारी लिइरहेका छन् । आगामी दिनमा यो कार्य सहज हुँदै जानेछ भन्ने कुरामा राजदूतावास विश्वस्त छ । मागपत्र प्रमाणीकरणको कार्यलाई faceless, paperless र cashless बनाउने दिशामा राजदूतावास अघि बढिरहेको जानकारी गराइन्छ ।

मागपत्र प्रमाणीककरण लगायत राजदूतावासबाट प्रदान गरिने सेवाहरुलाई अझ बढी प्रभावकारी बनाउन सरोकारवालाहरुबाट प्राप्त हुने सुझावहरुलाई राजदूतावासले सदा सकारात्मक रुपमा लिने गरेको र आगामी दिनमा समेत सबैको रचनात्मक सुझाव प्राप्त हुने नै छ भन्ने कुरामा राजदूतावास विश्वस्त रहेको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

**नेपाली राजदूतावास**
**क्वालालम्पुर**
२०८२/०२/१४

नेपाली राजदूतावास
क्वालालम्पुर